काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४२ ❐ आइतवार, ३१ जेठ, २०८३ ❐ Sunday, 14 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सञ्चालनमै नआई जीर्ण बने करोडौं लगानीका विषादी प्रयोगशाला

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३० जेठ

कर्णाली प्रदेशलाई 'अर्ग्यानिक प्रदेश' बनाउने महत्वाकांक्षी योजनाअन्तर्गत करोडौं रुपैयाँ खर्चेर निर्माण गरिएका विषादी परीक्षण प्रयोगशालाहरू सञ्चालनमै नआउँदै जीर्ण बन्दै गएका छन् ।

प्रदेश सरकारको प्राथमिकतामा परेको भनिएको कार्यक्रम पाँच वर्षसम्म पनि कार्यान्वयन हुन नसक्दा सरकारी लगानी खेर गइरहेको छ । भने योजना र प्रतिबद्धता कागजमै सिमित बनेका छन् । सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा निर्माण गरिएका विषादी अवशेष परीक्षण प्रयोगशाला भवन अहिले प्रयोगविहीन अवस्थामा छन् ।

भवन निर्माण सम्पन्न भएको वर्षौं बितिसक्दा पनि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा प्रयोगशालाहरू सञ्चालनमा आउन सकेका छैनन् । जसका कारण प्रदेश सरकारले विषादीमुक्त कृषि उत्पादन र सुरक्षित खाद्य उपभोगका लागि अघि सारेको अभियान कागजमै सीमित बनेको छ ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ मा 'विषादीमुक्त कर्णाली'को अवधारणा अघि सार्दै प्रदेश भित्रिने मुख्य नाकाहरूमा विषादी परीक्षण केन्द्र स्थापना गर्ने योजना बनाएको थियो । त्यसका लागि करिब एक करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरियो । सोही बजेटबाट कपुरकोट र हर्रेमा प्रयोगशाला भवन निर्माण गरियो ।





भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हर्रेमा मात्रै जग्गा खरिददेखि भवन निर्माणसम्म करिब ७० लाख बढी रुपैयाँ खर्च भएको छ । कपुरकोटमा पनि सोही हाराहारीको लगानी गरिएको छ । भवनसँगै परीक्षणका लागि आवश्यक उपकरण खरिदमा समेत थप रकम खर्च गरिएको छ । तर ती उपकरण अहिले प्रयोगशालामा नभई वीरेन्द्रनगरस्थित एकीकृत कृषि प्रयोगशालाको कार्यालयमा थन्किएका छन् ।

प्रयोगशालाको निर्माण सम्पन्न भए पनि सञ्चालनका लागि आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापन गर्न नसक्नु सरकारको मुख्य कमजोरीका रूपमा देखिएको छ । एकीकृत कृषि प्रयोगशालाले एक वर्षअघि नै मन्त्रालयसँग आवश्यक कर्मचारी र बजेट माग गरेको थियो । दुईवटै प्रयोगशालाका लागि प्राविधिक तथा सहयोगीसहित कर्मचारी आवश्यक पर्ने प्रस्ताव पठाइए पनि हालसम्म व्यवस्थापन हुन सकेको छैन ।

एकीकृत कृषि प्रयोगशालाकी सूचना अधिकारी उषा अधिकारीका अनुसार उपकरण, सामग्री र पूर्वाधार तयारी अवस्थामा भए पनि जनशक्ति अभावकै कारण सेवा सुरु गर्न नसकिएको हो । कर्मचारी नभएको अवस्थामा महँगा उपकरण प्रयोगशाला भवनमा राख्दा सुरक्षाको जोखिम हुने भएकाले सामान त्यहाँ नपठाइएको उनले बताइन् ।

सरकारले चासो नदिएको गुनासो

स्थानीयवासी र सरोकारवालाहरू भने प्रयोगशाला सञ्चालनका लागि पटक-पटक दबाब दिँदा पनि सरकारले चासो नदिएको गुनासो गर्छन् । स्थानीय नेतादेखि मन्त्री र मुख्यमन्त्रीसम्म ध्यानाकर्षण गराइए पनि परिणाम नदेखिएको उनीहरूको भनाइ छ । तर यी प्रयोगशालाको उद्देश्य भवन निर्माण गर्नु थिएन । भारतलगायत बाहिरी क्षेत्रबाट भित्रिने तरकारी तथा फलफूलमा विषादीको मात्रा परीक्षण गरी अस्वस्थ उत्पादनलाई नियन्त्रण गर्ने र कर्णालीमा उत्पादन हुने कृषि उपजलाई प्रोत्साहन गर्ने लक्ष्य थियो ।

विषादीयुक्त खाद्यवस्तुको प्रयोग घटाउने र स्थानीय उत्पादनप्रति उपभोक्ताको विश्वास बढाउने सरकारको योजना थियो । तर सरकार परिवर्तनसँगै प्राथमिकता फेरिँदा योजना अलपत्र परेको मन्त्रालयका कर्मचारीहरू नै स्वीकार गर्छन् ।

तत्कालीन सरकारले भवन निर्माणमा जोड दिए पनि त्यसपछिका सरकारले सञ्चालन र व्यवस्थापनतर्फ पर्याप्त ध्यान नदिएको उनीहरूको भनाइ छ । सचिव र मन्त्रीहरू बारम्बार फेरिनु, नीति निरन्तरताको अभाव र प्रशासनिक उदासीनताले योजना थन्किएको उनीहरू बताउँछन् ।

यता, प्रयोगविहीन भवनहरू समयसँगै जीर्ण बन्दै गएका छन् । लामो समयदेखि खाली रहेका संरचनाको मर्मतसम्भार आवश्यक भइसकेको छ । सञ्चालनअघि नै पुनः मर्मतमा बजेट खर्च गर्नुपर्ने अवस्था सिर्जना हुनु सरकारी योजना निर्माण र कार्यान्वयनबीचको असन्तुलनको उदाहरण हो ।

कर्णालीलाई विषादीमुक्त बनाउने उद्देश्यले निर्माण गरिएका प्रयोगशालाहरूले अहिलेसम्म एउटा पनि नमुना परीक्षण गर्न सकेका छैनन् । प्रदेशमा भित्रिने कृषिजन्य वस्तुको गुणस्तर परीक्षण गर्ने सरकारी संयन्त्र अझै प्रभावकारी रूपमा स्थापित हुन सकेको छैन । तर प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममा भने यी दुबै प्रयोगशाला सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएको छ । नीति तथा कार्यक्रमको बुँदा नम्बर ३ मा सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी अवशेष परीक्षण सेवा सञ्चालन गरिने उल्लेख छ ।

मन्त्रालयका प्रवक्ता सुनिल लिम्बुका अनुसार आवश्यक कर्मचारी व्यवस्थापनको प्रक्रिया अघि बढाइएको छ । पाँच वर्षदेखि सञ्चालन हुन नसकेका प्रयोगशाला अब साँच्चै सञ्चालनमा आउने देखिदैन । अर्को नीति तथा कार्यक्रमको पानामै पनि एक पटक यो योजना उल्लेख हुने र कार्यान्वयन नहुने निश्चित छ ।

सशस्त्र प्रहरी बलको टोली लाम्पाटा पुग्यो



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ३० जेठ

बाजुरा र हुम्लाको सीमा विवाद नटुङ्गिएपछि सो क्षेत्रमा सशस्त्र प्रहरी बलको टोली तैनाथ गरिएको छ । गत जेठ २७ गते लाम्पाटाको लागि हिँडेको सशस्त्र प्रहरी बलको टोली शनिबार सम्बन्धित स्थानमा पुगेको हो ।

सो स्थानमा अब अस्थायी सुरक्षा वेश स्थापनाको गरिने भ)को छ । सो अस्थायी सुरक्षा वेशमा खटिएको टोलीलाई सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयबाट नै आवश्यक निर्देशन दिइने र आवश्यकता अनुसारको समन्वय समेत प्रधान कार्यालय बाट नै हुनेछ ।

सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा टोली सो ठाउँमा खटिएको हो । केही दिन यता सो क्षेत्रमा सीमा विवाद चर्किएको थियो ।

शुक्रवार गृह मन्त्रालयमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले दुई जिल्लाको सीमा स्थित बाजुराको हिमाली गाउँपालिका वडा नम्बर-३ लाम्पाटामा नेपाल प्रहरी र सशस्त्रको 'केन्द्रीय संयुक्त सुरक्षा बेस' राख्ने निर्णय गरेको थियो ।

रास्वपाको प्रथम कर्णाली अधिवेशन आजदेखि, नेतृत्वका लागि पाँच जना आकांक्षी मैदानमा

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३० जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कर्णाली प्रदेशको प्रथम प्रदेश अधिवेशन आजदेखि वीरेन्द्रनगरस्थित शुभ होटलमा सुरु हुँदैछ । पार्टीको प्रदेश नेतृत्व चयनका लागि आयोजना गरिएको अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको रास्वपा कर्णाली प्रदेश समितिले जनाएको छ ।

पार्टीका प्रदेश सभापति मदन खड्काका अनुसार अधिवेशनलाई ऐतिहासिक र व्यवस्थित बनाउन आवश्यक तयारी अन्तिम चरणमा पुगेको छ । अधिवेशनमा कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट प्रतिनिधिहरू सहभागी हुनेछन् ।



अधिवेशनको मुख्य आकर्षण प्रदेश सभापतिको चयन बनेको छ । सभापति पदका लागि वर्तमान प्रदेश सभापति मदन खड्का, प्रदेश कोषाध्यक्ष स्नेहा उपाध्याय, प्रेमबहादुर बोहोरा, नन्दकिशोर बस्नेत (एनके) र मानबहादुर शाही आकांक्षीका रूपमा देखिएका छन् । नेतृत्व चयनका लागि सहमतिको प्रयास भइरहे पनि आवश्यक परे निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गरिने बताइएको छ ।

सभापति पदका दाबेदारमध्ये नन्दकिशोर बस्नेत, मानबहादुर शाही र प्रेमबहादुर बोहोरालाई बलिया प्रतिस्पर्धीका रूपमा हेरिएको छ । विभिन्न राजनीतिक पृष्ठभूमिबाट रास्वपामा आबद्ध भएका उनीहरूले संगठन विस्तार र प्रदेशमा पार्टीको प्रभाव बढाउने एजेन्डा अघि सारेका छन् ।

महिला नेतृत्वको प्रतिनिधित्व गर्दै स्नेहा उपाध्यायले पनि सभापतिमा दाबी प्रस्तुत गरेकी छन् । उनले कर्णालीमा पार्टीलाई थप सशक्त बनाउन नयाँ नेतृत्व बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन हुँदै

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३० जेठ

तेस्रो एक्सट्रिम काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ । 'दौडिन्छ कर्णाली' नारासहित आगामी ८ असारमा सुर्खेतको वीरेन्द्रनगरमा राष्ट्रिय हाफ म्याराथन आयोजना हुने भएको हो ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टर, सुर्खेतको आयोजनामा प्रत्येक वर्ष ओलम्पिक 'डे'का अवसरमा सञ्चालन हुँदै आएको प्रतियोगिताको तेस्रो संस्करण यस वर्ष पनि आयोजना गर्न लागिएको हो ।



आयोजकलेशनिबारपत्रकार सम्मेलनमार्फतप्रतियोगिताको तयारीबारे जानकारी दिँदै ४ असारमा बिहान काँक्रेविहार परिसरमा प्रतियोगिताको मस्कट सार्वजनिक गरिने जनाएको छ ।

प्रतियोगिताको मुख्य दौड वीरेन्द्रचोकबाट सुरु हुनेछ । प्रतियोगिताअन्तर्गत पुरुषतर्फ २१ किलोमिटर हाफ म्याराथन, महिलातर्फ १० किलोमिटर दौड तथा विद्यार्थीका लागि ५ किलोमिटर दौड समावेश गरिएको छ ।

विभिन्न विधामा इच्छुक खेलाडी तथा धावकहरूले सहभागिता जनाउन सक्नेछन् । मिड वेस्टर्न फिटनेस सेन्टरका प्रबन्ध निर्देशक प्रमोद हमालका अनुसार कर्णालीमा दौड संस्कृतिको विकास गर्ने उद्देश्यसहित प्रतियोगिता सञ्चालन हुँदै आएको हो । 'दौडिन्छ कर्णाली' नारालाई मूर्त रूप दिन प्रतियोगिता निरन्तर बाँकी पृष्ठ ३

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

आइतवार, ३१ जेठ, २०८३
Sunday, 14 June 2026

सम्पादकीय

अनुदानमाथिको निर्भरता घटाउने आधार बनाऊ

आगामी आर्थिक वर्ष ०८३/८४ का लागि कर्णाली प्रदेशमा संघीय सरकारबाट ८२ अर्ब रूपैयाँभन्दा बढी रकम प्रवाह हुने भएको छ । प्रदेश सरकारलाई १७ अर्ब २० करोड ८२ लाख रूपैयाँ र ७९ स्थानीय तहलाई झण्डै ६५ अर्ब रूपैयाँ अनुदान प्राप्त हुने व्यवस्था गरिएको छ । अंकका हिसाबले यो ठूलो रकम हो । विकास, पूर्वाधार, शिक्षा, स्वास्थ्य र सेवा प्रवाहका दृष्टिले हेर्दा यसले कर्णालीका लागि महत्वपूर्ण अवसर पनि सिर्जना गरेको छ । तर यो तथ्यसँगै अर्को यथार्थ पनि जोडिएको छ । संघीयता कार्यान्वयन भएको आठ वर्षपछि पनि कर्णालीको आर्थिक मेरूदण्ड आफ्नै उत्पादन, उद्योग, कर संकलन वा आन्तरिक स्रोत होइन, संघीय अनुदान नै बनेको छ । कर्णालीले प्राप्त गर्ने कुल अनुदानमध्ये ठूलो हिस्सा वित्तीय समानीकरण अनुदानको छ । यसको अर्थ के हो भने कर्णाली अझै पनि आफ्ना आधारभूत दायित्व पूरा गर्न संघीय सरकारको सहयोगमा निर्भर छ । भौगोलिक विकटता, सीमित आर्थिक गतिविधि, कमजोर औद्योगिक आधार र न्यून राजस्व क्षमताका कारण कर्णालीलाई अतिरिक्त सहयोग आवश्यक हुनु स्वाभाविक हो । तर वर्षेनि बढ्दो अनुदानले मात्र विकासको सुनिश्चितता गर्दैन भन्ने तथ्य विगतका अनुभवले प्रमाणित गरिसकेको छ ।

कर्णालीमा बजेट अभावभन्दा पनि बजेट कार्यान्वयनको समस्या गम्भीर देखिन्छ । हरेक वर्ष अर्बौं रूपैयाँ विनियोजन भए पनि खर्चको गति सुस्त रहने, योजना समयमै सम्पन्न नहुने, अन्तिम समयमा हतारहतार खर्च गर्ने प्रवृत्ति दोहोरिँदै आएको छ । परिणामस्वरूप खर्च त देखिन्छ, तर त्यसको प्रतिफल नागरिकको जीवनस्तरमा पर्याप्त रूपमा अनुभूत हुँदैन । विकासका सूचकहरूमा अपेक्षित सुधार नदेखिनुको एउटा प्रमुख कारण यही हो । संघीय सरकारले पठाउने अनुदान विकासको अवसर हो, स्थायी समाधान भने होइन । यदी प्रदेश र स्थानीय तहले यसलाई केवल प्रशासनिक खर्च धान्ने माध्यमका रूपमा प्रयोग गरे भने निर्भरता झन् गहिरिँदै जानेछ । अन्यथा हरेक वर्ष बढ्ने अनुदानले आर्थिक आधार होइन, केवल खर्चको आकार बढाउनेछ ।

यसपटक पनि सुर्खेतदेखि हुम्लासम्मका स्थानीय तहहरूले ठूलो रकम प्राप्त गर्दैछन् । तर प्रश्न रकमको आकार होइन, त्यसको प्रभावकारिता हो । जनताले सडक, अस्पताल, विद्यालय, खानेपानी र रोजगारीको प्रत्यक्ष अनुभूती गर्न सके मात्र बजेट सफल मानिनेछ । अन्यथा अनुदानका अर्बौं रूपैयाँ कागजका तथ्यांकमा सीमित रहनेछन् । कर्णालीले प्राप्त गरेको ८२ अर्ब रूपैयाँभन्दा बढीको संघीय हस्तान्तरणलाई अवसरका रूपमा लिनुपर्छ । तर यसले अर्को प्रश्न पनि उठाएको छ, कर्णाली कहिलेसम्म अनुदानकै भरमा चलिरहने ? संघीयताको मर्म केवल स्रोत बाँडफाँट होइन, प्रदेश र स्थानीय तहलाई आर्थिक रूपमा सक्षम र आत्मनिर्भर बनाउनु पनि हो । त्यसैले अबको प्राथमिकता अनुदान खर्च गर्ने मात्र होइन, अनुदानमाथिको निर्भरता घटाउने आधार निर्माण गर्नु हुनुपर्छ ।

असंलग्नता र समकालीन नेपालको भू–राजनीतिक सङ्कट



✍ प्रकाश पाण्डे

सङ्घर्ष र रूपान्तरणको लामो ऐतिहासिक कालखण्डमा विश्वको राजनीतिक मानचित्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने केही सीमित मोडहरूमध्येको एक महत्त्वपूर्ण मोड हो सन् १९५५ को बान्डुङ सम्मेलन । यो एक ऐतिहासिक प्रस्थानविन्दु पनि हो । इन्डोनेसियाको शान्त र सांस्कृतिक सहर बान्डुङको 'गेडुङ मर्डेका' (स्वतन्त्रता हल) मा भेला भएका एसिया र अफ्रिकाका २९ वटा नव-स्वतन्त्र तथा औपनिवेशिक उत्पीडनबाट भर्खरै तङ्किएका राष्ट्रहरूले इतिहासको एउटा यस्तो नयाँ अध्यायको घोषणा गरे, जसले उत्तर एट्लान्टिक साम्राज्यवादी शक्तिहरूको शताब्दीयौँ लामो एकाधिकारलाई प्रत्यक्ष चुनौती दियो ।

विख्यात मार्क्सवादी विश्लेषक विजय प्रसादको हालैको विचारोत्तेजक लेख 'ट्रिकन्टिनेन्टलः इन्स्टिच्युट फर सोसियोलोजिकल रिसर्च'को २३औँ समाचार-पत्रमा प्रकाशित भएको छ। 'हाम्रो सपनाको नयाँ एसिया निर्माण गरौँ' शीर्षकको सन्दर्भलाई केन्द्रमा राख्दै, वर्तमान भू-राजनीतिक सङ्कट, नव-उपनिवेशवादको बढ्दो जोखिम र आर्थिक परनिर्भरताको यस जटिल बिन्दुमा बान्डुङ भावनाको सान्दर्भिकता झन् बढेर गएको छ।

यसै ऐतिहासिक परिप्रेक्ष्यमा, नेपालजस्तो भू-परिवेष्ठित, रणनीतिक रूपमा संवेदनशील र दुई विशाल अर्थतन्त्रहरूको बिचमा रहेको मुलुकका लागि बान्डुङ सम्मेलन, असंलग्न परराष्ट्र नीति र यसको आधुनिक सान्दर्भिकतामाथि केन्द्रित रहेर यो आलेखमाथि छलफल गरिनेछ।

दोस्रो विश्वयुद्धको विध्वंस र फासीवादको अन्त्यपछि पनि विश्वले पूर्ण शान्तिको सास फेर्न पाइरहेको थिएन । एकातिर लामो युरोपेली औपनिवेशिक शासनको क्रूर शृङ्खलाबाट एसिया र अफ्रिकाका राष्ट्रहरू मुक्त हुने प्रक्रियामा थिए भने, अर्कोतर्फ विश्व तीव्र रूपमा दुई ध्रुवमा विभाजित हुने क्रम थियो । दुई ध्रुवको एकातर्फ अमेरिकी नेतृत्वको पुँजीवादी शक्ति थियो भने अर्कोतर्फ सोभियत संघ नेतृत्वको साम्यवादी शक्ति थियो । यसैकारण विश्व शीतयुद्धको चपेटामा फसिरहेको थियो ।

यस्तो असहज, डरलाग्दो र विभाजित वातावरणमा इन्डोनेसियाका राष्ट्रपति सुकार्नो, भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू, इजिप्टका राष्ट्रपति गमाल अब्देल नासेर, घानाका नेता क्वामे क्रुमा, युगोस्लाभियाका राष्ट्रपति जोसिप ब्रोज टिटो र चीनका प्रधानमन्त्री चाउ एन-लाईको अगुवाइमा सन् १९५५ अप्रिल १८ देखि २४ सम्म बान्डुङ सम्मेलनको आयोजना गरियो । सम्मेलनको मूल मर्म, भर्खरै स्वतन्त्र भएका मुलुकहरू पुनः कुनै पनि साम्राज्यवादी शक्तिको सैन्य गठबन्धन वा वैचारिक दासत्वमा फस्नु हुँदैन भन्ने नै थियो ।

सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति सुकार्नोले भनेका थिए, 'हामीलाई जोड्ने कुरा हाम्रो विचारधारा, धर्म वा संस्कृति होइन, बरु जुनसुकै रूपमा देखा पर्ने उपनिवेशवादप्रतिको हाम्रो साझा घृणा हो ।' बान्डुङ सम्मेलनले पञ्चशीलका पाँच सिद्धान्तलाई विस्तार गर्दै विश्व शान्ति र सहयोगका लागि ऐतिहासिक १० बुँदे बान्डुङ घोषणापत्र जारी गऱ्यो ।

यसै सम्मेलनले सन् १९६१ मा बेलग्रेडमा औपचारिक रूपमा स्थापित भएको असंलग्न आन्दोलनको जग बसाल्यो । बान्डुङ केवल कूटनीतिक जमघट मात्र थिएन; यो इतिहासमा पहिलोपटक विश्वका बहुसङ्ख्यक र शोषित जनताले आफ्नो भाग्यको फैसला आफैँ गर्ने दृढ राजनीतिक सङ्कल्पको ऐतिहासिक शङ्घोष थियो ।

बान्डुङ सम्मेलन र नेपाल

सन् १९५५ को बान्डुङ सम्मेलन नेपालको आधुनिक परराष्ट्र नीतिको इतिहासमा स्वर्ण अक्षरले लेखिएको अध्याय हो । नेपालमा सन् १९५१ (वि.सं. २००७) मा शताब्दी लामो जहानियाँ राणा शासनको अन्त्य भई प्रजातन्त्रको उदय भइसकेको थियो । तथापि, बाह्य संसारमा नेपालको पहिचान अझै पनि ब्रिटिस साम्राज्यको छायामा परेको वा छिमेकी भारतको सुरक्षा छातामित्र खुम्चिएको देशका रूपमा सीमित थियो ।

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो स्वतन्त्र पहिचान, सार्वभौमिकता र रणनीतिक स्वायत्तता प्रमाणित गर्नु अत्यन्त जरुरी थियो । यस्तो संवेदनशील घडीमा नेपालले बान्डुङ सम्मेलनमा भाग लिने ऐतिहासिक अवसर पायो । सम्मेलनमा नेपालको प्रतिनिधित्व तत्कालीन बडागुरुज्यू विजयराज पाण्डेको नेतृत्वमा रहेको उच्चस्तरीय प्रतिनिधिमण्डलले गरेको थियो । बान्डुङमा नेपालको उपस्थिति आफैँमा एउटा ठूलो राजनीतिक सन्देश थियो । नेपालको सन्दर्भमा यसले महत्त्वपूर्ण तीनवटा आधार प्रदान गऱ्योः

(क) सार्वभौमिकताको अन्तर्राष्ट्रिय वैधानिकताः

बान्डुङ सम्मेलनमा नेपालले आफूलाई इतिहासको कुनै पनि कालखण्डमा कसैको गुलाम नबनेको, एउटा गौरवशाली र सार्वभौम स्वतन्त्र राष्ट्रका रूपमा विश्व मञ्चमा उभ्यायो । सम्मेलनमा सहभागी एसिया र अफ्रिकाका २९ राष्ट्रहरूले नेपालको स्वतन्त्र अस्तित्वलाई स्वीकार गरे । यसले नेपाललाई सोही वर्ष (डिसेम्बर १९५५) संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्ने बलियो नैतिक र कूटनीतिक आधार प्रदान गऱ्यो ।

(ख) पञ्चशील र असंलग्नताको अङ्गीकारः

बान्डुङ सम्मेलनले पारित गरेका सार्वभौमिकता, समानता, प्रादेशिक अखण्डताको सम्मान, आन्तरिक मामिलामा अहस्तक्षेप र शान्तिपूर्ण सहअस्तित्व जस्ता पञ्चशीलका सिद्धान्तहरूलाई नेपालले आफ्नो परराष्ट्र नीतिको अकाट्य आधारशिला बनायो । नेपालको संविधानमै असंलग्नता र पञ्चशीलका सिद्धान्तलाई राज्यको मार्गनिर्देशक सिद्धान्तका रूपमा समावेश गरिनु बान्डुङ सम्मेलनकै वैचारिक देन हो ।

(ग) चीन र अन्य राष्ट्रहरूसँग कूटनीतिक विस्तारः

बान्डुङ सम्मेलनकै 'साइडलाइन'मा नेपालले छिमेकी राष्ट्र चीनका तत्कालीन प्रधानमन्त्री चाउ एन-लाईसँग महत्त्वपूर्ण कुराकानी गऱ्यो । यसै भेटघाटले सन् १९५५ को अगस्टमा नेपाल र चीनबिच औपचारिक दौत्य सम्बन्ध स्थापना गर्ने ढोका खोल्यो । बान्डुङले नेपाललाई भारतसँगको परम्परागत निर्भरतालाई सन्तुलनमा राख्दै कूटनीतिक सम्बन्धलाई विश्वव्यापी रूपमा विविधीकरण गर्ने ऐतिहासिक अवसरसमेत दियो ।

ग्लोबल साउथको विरोधाभास र एसियाली सङ्कट

मार्क्सवादी विश्लेषक विजय प्रसादले आफ्नो लेखमा वर्तमान विश्व राजनीति, विशेष गरी 'ग्लोबल साउथ'को अवस्थाको निकै मार्मिक र यथार्थपरक विश्लेषण गरेका छन् । उनको विश्लेषणले बान्डुङ भावना आज किन सङ्कटमा छ र यसलाई पुनर्जीवित गर्नु किन अपरिहार्य छ भन्ने कुरा प्रस्ट पार्छ । विजय प्रसादका अनुसार, आजको ग्लोबल साउथमा एउटा नयाँ विरोधाभास र अन्तर्विरोध छ।

नैतिक ह्रास र स्वायत्तताको खोजीः एकातिर, पश्चिमा शक्तिहरू (ग्लोबल नर्थ) को नैतिक अख्तियारी तीव्र रूपमा घट्दै गइरहेको छ र ग्लोबल साउथका देशहरूमा रणनीतिक स्वायत्तता र आर्थिक सार्वभौमिकताको चेतना बढिरहेको छ । ब्रिक्स प्लस (द्यच्क्क्रव+) जस्ता संस्थाहरू र दक्षिण-दक्षिणबिच व्यापारमा भएको वृद्धि यसैको परिणाम हो भने, अर्कोतिर विकासशील देशहरूमा पश्चिमा शक्तिहरूको सजाय (आर्थिक नाकाबन्दी, प्रतिबन्ध र युद्ध) को तीव्र डर कायमै छ।

क्युबा, इरान, प्यालेस्टाइन र भेनेजुएलामा भएका हालैका साम्राज्यवादी हस्तक्षेपहरूले यो डरलाई थप मलजल गरेका छन् । सन् २०२६ को डेमोक्रेसी इन्डेक्सले देखाए अनुसार विश्वका ९७ देशमध्ये केवल चारवटा देश मात्रै अमेरिकी सैन्य अड्डा राख्न इच्छुक छन् । यसले के देखाउँछ भने, विश्वका जनता अमेरिकी सैन्य प्रभुत्व र युद्ध चाहँदैनन् । तर उनीहरू यसको सम्भावित सजाय र आर्थिक प्रलोभनको चक्रव्यूहबाट उम्किन पनि सकिरहेका छैनन् ।

सुस्तामा भारतीय एसएसबीको हस्तक्षेपविरुद्ध माइतीघरमा प्रदर्शन

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० जेठ

नेकपा माओवादीले नवलपरासीस्थित सुस्ता क्षेत्रमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) को हस्तक्षेपको विरोध गर्दै शनिबार काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन गरेको छ।

'राष्ट्रिय स्वाधीनता, सीमा सम्मान र जनअधिकारको रक्षा गरौं' तथा 'सीमा हाम्रो हो, सत्ता हाम्रो हो, निर्णय हाम्रो हो' लगायतका नारासहित माओवादीका



नेता तथा कार्यकर्ताले प्रदर्शन गरेका हुन् ।

प्रदर्शनकारीहरूले सुस्ता क्षेत्रमा भारतीय एसएसबीबाट नेपाली भूमि र नागरिकमाथि भइरहेको भनिएको हस्तक्षेप तत्काल रोक्न सरकारसँग माग गरेका छन् । उनीहरूले राष्ट्रिय सीमाको रक्षा, नेपाली भूमिमाथिको अतिक्रमण अन्त्य तथा सीमावर्ती क्षेत्रका नागरिकको अधिकार सुनिश्चित गर्न सरकार गम्भीर बन्नुपर्ने बताएका छन् ।

अमेरिका-इरान सम्झौता 'धेरै नजिक'

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३० जेठ

अमेरिका र इरानबीच महिनौँदेखि जारी तनाव अन्त्यका लागि सम्झौता गर्ने कदमका लागि ठूलो सफलता मिल्ने अपेक्षा गरिएको छ । इरानका विदेशमन्त्री अब्बास अराघचीले दुई देश सम्झौताका लागि सबैभन्दा नजिक रहेको बताएका छन् । यसैगरी, अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोशल' मा सम्झौता नजिक पुगेको भन्ने आफ्नो एक दिन पहिलेको पोस्टलाई पुनः पोष्ट गरेपछि सम्झौताको सम्भावनालाई थप बढावा



मिलेको छ । पोष्टमा राष्ट्रपति ट्रम्पले सम्झौतामा हस्ताक्षर हुन अन्तिम कागजी प्रक्रिया मात्र बाँकी रहेको बताएका छन् ।

प्रस्तावित सम्झौतालाई उद्धृत गर्दै अराघचीले एक्समा लेखेका छन्, "इस्लामावादको पहलमा भएको यो सम्झौता प्रस्ताव अहिलेसम्मकै सबैभन्दा धेरै विषयमा सहमति नजिक पुगेको सहमति हो ।" अराघचीको पोष्टको केही मिनेटपछि राष्ट्रपति ट्रम्पले ट्रुथ सोसल अकाउन्टमा उक्त पोस्ट पुनः पोस्ट गरेका थिए ।

यसले प्रस्तावित सम्झौताका सर्तहरूमा मतभेदका बाबजुद वार्ता सही दिशामा अघि बढिरहेको बुझ्न सकिन्छ । राष्ट्रपति ट्रम्पले सम्झौता पूरा हुने विश्वास व्यक्त गरेको भोलिपल्ट अराघचीको यो टिप्पणी आएको हो । अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकाले भर्खरै इरानसँग युद्धका विषयमा ठूलो सम्झौता गरेको भन्दै सम्झौतामा हस्ताक्षर हुन केही काम मात्र बाँकी रहेको सङ्केत गरेका छन् ।

ट्रम्पले पत्रकारहरुसँग भने, "अब केवल कागजातलाई अन्तिम रूप दिन मात्र बाँकी छ । अबको केही दिनमा यो काम सम्पन्न गरिसक्नु पर्छ ।" शुक्रबार बाँकी पृष्ठ ४

रास्वपाको...

आवश्यक रहेको बताउँदै आफू त्यसका लागि सक्षम रहेको दाबी गरेकी छन् ।

यता वर्तमान सभापति मदन खड्काले पनि पुनः नेतृत्व दोहोर्याउने इच्छा व्यक्त गरेका छन् । यद्यपि पार्टीभित्र संगठन विस्तार, निर्वाचन परिणाम र नेतृत्व शैलीलाई लिएर उनको कार्यकालबारे मिश्रित प्रतिक्रिया देखिएको छ । रास्वपाको प्रथम प्रदेश अधिवेशनले नयाँ नेतृत्व चयनसँगै आगामी संगठनात्मक रणनीति तय गर्ने अपेक्षा गरिएको छ । कर्णालीमा पार्टीको संगठन विस्तार, स्थानीय तहसम्म संरचना निर्माण तथा आगामी निर्वाचनलाई लक्षित गर्दै अधिवेशनले महत्वपूर्ण निर्णय गर्ने विश्वास गरिएको छ ।

कर्णाली कोरिडोरको बन्द सडक सुचारू



❐ काँक्रेविहार संवाददाता

हुम्ला, ३० जेठ

कर्णाली कोरिडोर अन्तर्गत बाजुराको धुलाचौरमा अवरुद्ध गरिएको सडक सञ्चालनमा आएको छ। सडक बन्दका कारण हुम्ला आउने-जाने यात्रुहरू धुलाचौरमा अलपत्र परेपछि गृह मन्त्रालयको निर्देशनपछि बाजुराको जिल्ला प्रशासन कार्यालयले सडक सञ्चालनमा ल्याएको हो।

गत बुधबार राति १० बजेदेखि बन्द गरिएको कर्णाली कोरिडोरको बाजुरा खण्डस्थित धुलाचौर सडक शुक्रबारदेखि पुनः सञ्चालनमा आएको प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले बताए।

शुक्रबार गृह मन्त्रालयले दुवै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई टेलिफोनमार्फत राजमार्ग छिटो खुलाउन निर्देशन दिएको थियो। त्यसपछि शनिबार बिहान ९:२० बजेदेखि बन्द गरिएको सडक बाजुरा प्रशासनको पहलमा सञ्चालनमा ल्याइएको हो।

सीमा विवादका कारण बाजुराको हिमाली गाउँपालिकास्थित लाम्पाटा-च्याचौर क्षेत्रमा स्थानीयबिच विवाद चर्किएपछि कर्णाली कोरिडोरको धुलाचौर खण्डमा सडक अवरुद्ध गरिएको थियो। सो अवरोधका कारण सुर्खेत, नेपालगन्ज हुँदै हुम्ला आवतजावत गर्ने यात्रुहरू प्रभावित भएका थिए।

सडक अवरुद्ध हुँदा बस, ट्रक, बोलेरो जिप, ट्र्याक्टर तथा मोटरसाइकलसहित ८० भन्दा बढी सवारी साधन धुलाचौर क्षेत्रमा रोकिएका थिए। सडक खुलेपछि यात्रुहरू आफ्नो गन्तव्यतर्फ लागेका छन्।

गत जेठ ५ गते लाम्पाटा क्षेत्रमा दुई पक्षबिच भएको झडपमा बाजुराका चार जना घाइते भएका थिए। सो घटनापछि विवाद चुलिँदै आएको र आरोपीलाई पक्राउ गर्न माग गर्दै बाजुरातर्फबाट कर्णाली कोरिडोर बन्द गरिएको बताइएको छ।

प्राविधिक विषय पढ्नेलाई छात्रवृत्ति



❐ काँक्रेविहार संवाददाता

जुम्ला, ३० जेठ

आर्थिक रूपमा कमजोर तथा जेहेनदार विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच बढाउन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने भएको छ।

कर्णाली प्राविधिक शिक्षालय जुम्ला र लक्ष्मी सनराइज बैङ्कबिच भएको सम्झौता अनुसार प्रत्येक वर्ष २५ विद्यार्थीलाई 'लक्ष्मी सनराइज सिप विकास छात्रवृत्ति' प्रदान गरिने छ। सम्झौतामा बैङ्कका प्रमुख ब्रान्ड स्ट्राटेजी अफिसर भारती पाण्डे र शिक्षालयका प्रमुख इन्जिनियर विकल अधिकारीले बिहीबार हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार बैङ्कले आगामी छ वर्षमा कुल १५० विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने छ। शिक्षा क्षेत्रमा निजी क्षेत्रको यस्तो लगानी अति नै प्रेरणादायी छ। छात्रवृत्ति कार्यक्रमले विपन्न परिवारका विद्यार्थीलाई उच्च शिक्षाको अवसर सुनिश्चित गर्ने छ।

सम्झौतापत्र आदानप्रदान कार्यक्रममा कर्णाली प्राविधिक शिक्षालय सञ्चालक समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले भने, "प्राविधिक शिक्षा अध्ययन गर्न रुचि भएका विद्यार्थीलाई आर्थिक अभावका कारण अब रोकिनुपर्ने छैन।" उनले विद्यार्थीका लागि यस्तो कार्यक्रमले अब ठुलो राहत पुग्ने बताए।

चन्दननाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवराज जैसी, शिक्षालयका प्रमुख इन्जिनियर विकल अधिकारीले छात्रवृत्तिले आर्थिक रूपमा कमजोर विद्यार्थीको शैक्षिक यात्रालाई सहज र सहयोगी बनाउने भन्दै खुसी व्यक्त गरे।

लक्ष्मी सनराइज बैङ्क जुम्ला शाखा प्रबन्धक खड्कप्रसाद देवकोटाले एक ब्याचका विद्यार्थीका लागि करिब ३० लाख ६६ हजार रुपियाँसम्म खर्च गरिने बताए।

शिक्षालयका उपप्रमुख नन्दप्रसाद चौलागाईंका अनुसार हाल शिक्षालयमा डिप्लोमा इन फार्मेसी, डिप्लोमा इन इन्जिनियरिङ, डिप्लोमा इन प्लान्ट साइन्स, डिप्लोमा इन फरेस्ट्रीलगायत विभिन्न कार्यक्रममा करिब ५५० विद्यार्थी अध्ययनरत छन्।

सरकारी विद्यालयमा विद्यार्थी संख्या न्यून



❐ काँक्रेविहार संवाददाता

मुगु, ३० जेठ

महालेखा परीक्षकको प्रतिवेदन तथा आर्थिक सर्वेक्षण अनुसार मुगु जिल्लाका ६० वटा सरकारी विद्यालयमा विद्यार्थी संख्या ५० भन्दा कम रहेको पाइएको छ।

आर्थिक सर्वेक्षण २०८३ अनुसार ५० देखि दुई सय विद्यार्थी भएका विद्यालयको संख्या १४० रहेको छ भने आठ वटा विद्यालयमा मात्र पाँच सयदेखि एक हजार जना विद्यार्थी अध्ययनरत छन्। बढ्दो बसाइँसराइ, निजी विद्यालयप्रतिको आकर्षण तथा जनसंख्या घट्दो क्रममा रहनुले सरकारी विद्यालयमा विद्यार्थी संख्या निरन्तर घट्दै गएको निष्कर्ष निकालिएको छ।

जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ मुगुको तथ्याङ्क अनुसार छायानाथ रारा नगरपालिकाका ४५ विद्यालयमा २१८ शिक्षक र पाँच हजार ८४२ विद्यार्थी छन्। खत्याड गाउँपालिकाका ४८ विद्यालयमा १८२ शिक्षक र पाँच हजार ८२२ विद्यार्थी अध्ययनरत छन्। त्यसै गरी मुगुमकार्मारोङ गाउँपालिकाका १६ विद्यालयमा ५६ शिक्षक र एक हजार २४४ विद्यार्थी तथा सोरु गाउँपालिकाका ३९ विद्यालयमा १४० शिक्षक र चार ९१८ विद्यार्थी अध्ययनरत छन्। जिल्लाभर सरकारी विद्यालयको संख्या १४८ रहेको छ। ती विद्यालयमा कुल ५९६ शिक्षक दरबन्दी रहेको तथा १७ हजार ८२६ विद्यार्थी अध्ययनरत रहेको तथ्याङ्कले देखाएको छ।

शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयका नायब सुब्बा खड्क भियालका अनुसार सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयास भइरहेका छन् तर कुल सरकारी विद्यालयमध्ये आधाभन्दा बढी विद्यालयमा ५० जनाभन्दा कम विद्यार्थी रहेको अवस्था देखिएको उनको भनाइ छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ अनुसार सामुदायिक विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:४०, पहाडी क्षेत्रमा १:४५ र तराई क्षेत्रमा १:५० रहने व्यवस्था छ तर मुगुका धेरै विद्यालयमा यो अनुपातभन्दा कम २० जना सम्म छ, जसले विद्यार्थी संख्याको कमीलाई स्पष्ट देखाउँछ।

नासु भियालका अनुसार जिल्लाको भौगोलिक विकटताका कारण धेरै विद्यार्थीले विद्यालय पुग्न घन्टौं पैदल हिँड्नुपर्ने अवस्था छ। यस्तो अवस्था हुँदा पनि यहाँका स्थानीय तहले प्राथमिक विद्यालयलाई समायोजन गर्नुपर्नेमा नगरेको पाइएको छ।

जङ्गली जनावरले खेतीबाली नष्ट



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ३० जेठ

बाँदर र जङ्गली बँदेलले सम्पूर्ण खेतीबाली नष्ट गरिदिएपछि कर्णालीका ग्रामीण क्षेत्रका किसान यतिबेला विस्थापित हुनुपर्ने अवस्थामा पुगेका छन्।

समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउँदै आएको भए पनि समस्या समाधान नभएकोमा स्थानीय आक्रोशित बनेका छन्। प्रदेश सरकारले भने आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा समेटेर बाँदर र बँदेलको आतङ्क नियन्त्रणको योजना सुरु गरेको बताएको छ।

मुख्यमन्त्री यामलाल कँडेलले मानव-वन्यजन्तु द्वन्द्व कम गर्न र जङ्गली जनावरबाट हुने क्षतिको अल्पकालीन र दीर्घकालीन समाधानका लागि उपाय खोजिने प्रदेशको नीति तथा कार्यक्रममा नै समावेश गरेको बताए।

वनजङ्गलको विनाशले आहाराको खोजीमा वन्यजन्तु बस्तीमा छिर्न थालेपछि खेतीबाली तथा मानिसलाई नै आक्रमण गर्ने क्रम बढेको सुर्खेत चौकुनेका स्थानीय राम थापा बताउँछन्। पछिल्लो समय निर्माण भइरहेका भौतिक संरचनाका कारण पनि वन्यजन्तुको बासस्थान नै गुम्ने अवस्था देखिएको छ। बासस्थान र आहारा नै जोखिममा परेपछि जङ्गली जनावर बस्ती छिर्न थालेको स्थानीयको भनाइ छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण योजना बनाएकाले आगामी वर्षदेखि प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गरिएको छ। वन्यजन्तुको आहारा बढावा दिने प्रजातिका बिरुवाको वृक्षरोपण गरेर कोरिडोर कनेक्टिभिटी संरक्षण गर्न लागिएको छ। मन्त्रालयका सूचना अधिकारी महेश नेपालीले विगतमा प्रभावकारिता न्यून देखिएकाले आगामी वर्षमा यस्ता धेरै महत्वपूर्ण योजना निर्माण गर्न लागिएको बताए।

पछिल्लो समय एकपछि अर्को गर्दै मानिस वन्यजन्तुको आक्रमणमा समेत पर्न थालेका छन्। गत वर्ष दैलेखको महाबु र भैरवी गाउँपालिकाको सीमाक्षेत्रमा जङ्गली बँदेलकै आक्रमणबाट स्थानीयको मृत्यु भएको थियो। बँदेलले मात्र होइन पछिल्लो समय बाघको आक्रमणसमेत बढिरहेको छ। आक्रमणबाट मानवीय क्षतिसमेत भइरहेको छ।

सुर्खेतका दक्षिणी भेगका थुप्रै बस्ती बाँके र बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएका छन्। निकुञ्ज क्षेत्रका बस्तीमा पछिल्ला वर्षमा बाघको आक्रमण बढेको छ भने खेतीबाली नष्ट भएको छ । स्थानीय दोहोरो मारमा परिरहेका छन्। तत्कालै समस्या समाधान गर्नेतर्फ सरोकारवाला निकायको ध्यान भने पुग्नै पर्ने देखिएको छ।

बेरुजुलाई 'फाष्ट ट्र्याक'बाट न्यूनीकरण गर्न आवश्यक



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ३० जेठ

सार्वजनिक लेखा समितिले सात खर्ब ५५ अर्ब १७ करोड २२ लाख बेरुजुलाई 'फाष्ट ट्र्याक'बाट न्यूनीकरण गर्नेतर्फ गृहकार्य थालेको जनाएको छ। ठूलो रकम फछ्यौंट नहुँदा सरकारी निकायको कार्यक्षमतामा प्रश्न उब्जिएकाले पनि नीतिगत सहजीकरण गर्न लागेको समितिको भनाइ छ।

समितिका सभापति भरतबहादुर खड्काले वर्षौंदेखि सार्वजनिक निकायसँग बेरुजुको रकम बढ्दा सरकारी निकायप्रति नै कार्यक्षमता र कार्यशैलीतर्फ प्रश्न उब्जिएकाले पनि योजनाबद्ध र आक्रामक शैलीमा बेरुजु फछ्यौंट गर्ने गृहकार्यमा जुटेको बताए।

'सधैंभरि बेरुजु भनेर मात्रै हुँदैन। अब बेरुजुलाई सधैंका लागि अन्त्य गर्ने प्रयास गरेर अघि बढ्न जरुरी भइसकेको छ, पहिलो चरणमा समितिले सरकारी निकायसँग बेरुजुको अवस्था र कारणको विषयमा विस्तृत रुपमा छलफल गरेर नीतिगत रुपमा सुधार देखिने गरी काम गर्न लागिरहेका छौं', उनले भने।

महालेखापरीक्षकको ६३औं वार्षिक प्रतिवेदनले सङ्घीय सरकार मातहत मात्रै तीन खर्ब ७८ अर्ब ५३ करोड ६४ लाख बेरुजु देखाएको छ। साथै प्रदेश सरकार मातहत रु ३३ अर्ब ९६ करोड ९० लाख र स्थानीय तह मातहत दुई खर्ब २० अर्ब ४७ करोड २६ लाख बेरुजु छ। त्यस्तै, समिति र अन्य संस्था मातहत भने एक खर्ब २२ अर्ब १९ करोड ४२ लाख रकम बेरुजु रहेको जनाइएको छ।

महालेखापरीक्षकको प्रतिवेदनअनुसार अर्थमन्त्रालय मातहत ३७ अर्ब ६३ करोड ३१ लाख बेरुजु रहेको छ भने साबिकको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहत सात अर्ब १० करोड ३३ लाख बेरुजु छ।

त्यस्तै, साबिकको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहत रु एक अर्ब ५३ करोड ६६ लाख, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रु एक अर्ब ३४ करोड ५७ लाख, साबिकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहत भने रु एक अर्ब १६ करोड ६८ लाख बेरुजु छ।

काँक्रेविहार...

आयोजना गरिएको उनले बताए। प्रतियोगिताको पुरस्कार राशी हरेक वर्ष वृद्धि गर्दै लगिएको जनाउँदै हमालले यस वर्ष हालसम्म न्यूनतम एक लाख २५ हजार रुपैयाँ पुरस्कार सुनिश्चित भएको जानकारी दिए।

सम्भावित दातासँग छलफल जारी रहेकाले पुरस्कार राशी अझै बढ्न सक्ने उनको भनाइ छ। अघिल्लो वर्ष कर्णाली प्रदेश खेलकुद विकास परिषद्मा पदाधिकारी नहुँदा प्रतियोगिता आयोजना हुन नसकेको उल्लेख गर्दै आयोजकले यस वर्ष परिषद्को सहयोगमा प्रतियोगिता पुनः सञ्चालन हुन लागेको जनाएको छ।

परिषद्ले जुम्लामा आयोजना हुने रारा म्याराथन र सुर्खेतको काँक्रेविहार हाफ म्याराथनलाई नियमित रूपमा बजेट उपलब्ध गराउँदै आएको छ। यस वर्षको प्रतियोगिताको टाइटल स्पोन्सर एक्सट्रिम इनर्जी ड्रिंक रहेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

आइतवार, ३१ जेठ, २०८३
Sunday, 14 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

नेपाल र चीनका सगरमाथा आरोही बेइजिङमा सम्मानित



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ३० जेठ

चीनको राजधानी बेइजिङमा आरोही तथा सङ्घीय सांसद मिङ्मा ग्याबु शेर्पासहित नेपाल र चीन करिब ५० जना सगरमाथा आरोही सम्मानित भएका छन् ।

त्रिहत्तरौं सगरमाथा दिवसका अवसरमा यहाँस्थित नेपाली राजदूतावासले शुक्रबार साँझ आयोजना गरेको 'नेपाल-चीन सगरमाथा (माउन्ट एभरेष्ट) एड्भेन्चर फेस्टिभल'मा आरोहीहरू सम्मानित भएको नेपाली दूतावासले जनाएको छ ।

पूर्वउपसभामुख इन्दिरा राना मगर र नेपाली राजदूतावासकी कार्यवाहक राजदूत रोशन खनालले २९ चिनियाँ र २४ नेपाली आरोहीलाई सम्मानपत्र प्रदान गरेकी थिइन् ।

नेपालका पर्वतीय पर्यटनको प्रवर्द्धन तथा नेपाली र चिनियाँ पर्वतारोहण तथा पर्यटन व्यवसायीबीच सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

त्यस अवसरमा चीनका लागि नेपालका कार्यवाहक राजदूत खनालले सगरमाथाको महत्व, साहसिक पर्यटनको भावना तथा विश्व पर्वतारोहण समुदायको केन्द्रका रूपमा नेपालको भूमिकाबारे प्रकाश पारे । उनले यस्ता कार्यक्रमले नेपाल-चीन जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

प्रतिनिधिसभा सदस्य तथा सगरमाथा आरोही मिङ्मा ग्याबु शेर्पाले नेपाल-चीन पर्यटन सहकार्यलाई अझ गहिरो बनाउनुपर्ने आवश्यकता औंल्याए । नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष फुरु गेल्जे शेर्पाले पर्वतीय पर्यटन प्रवर्द्धनका लागि दुई देशबीच संयुक्त पहल आवश्यक रहेको बताए ।

नेपाली दूतावासका काउन्सलर विवेक रिजालले नेपालका पर्यटकीय गन्तव्यहरूको परिचय समेटिएको प्रस्तुति दिएका थिए । नेपालका कीर्तिमानी आरोही लाक्पा डेण्डी शेर्पा र चिनियाँ आरोहीद्वय चाङ माओलिङ र लोरिकाशीले सगरमाथा आरोहणको अनुभव साझा गरेका थिए ।

कार्यक्रमस्थलमा नेपालका पर्यटकीय गन्तव्यहरु स्थलको तस्बिरहरूको प्रदर्शनी गरिएको थियो ।

कार्यक्रममा चीनको परराष्ट्र मन्त्रालयका प्रतिनिधि, अन्तर्राष्ट्रिय पर्वतीय पर्यटनसम्बद्ध संस्थाका प्रतिनिधि, विभिन्न मुलुकका कूटनीतिज्ञ, चिनियाँ पर्यटन व्यवसायी तथा नेपाली समुदायका सदस्यसहित करिब २०० जनाको सहभागिता रहेको थियो ।

नेपालबाट नेपाल पर्वतारोहण सङ्घ, आरोहण सञ्चालक सङ्घ, सगरमाथा आरोही सङ्घ, नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक सङ्घका साथै आरोहण र पदमार्गसम्बन्धी दर्जन बढी कम्पनीहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सोही अवसरमा नेपाल र चीनका पर्यटन उद्यमीबीच सहकार्य विस्तार गर्ने उद्देश्यले व्यवसायी-व्यवसायी नेटवर्किङ कार्यक्रम पनि आयोजना गरिएको थियो ।

अमेरिका...

इरानी विदेशमन्त्री अराघचीले मिडिया संगठनहरू र विश्लेषकहरूलाई वार्ता पूरा नभएसम्म सम्झौताको सामग्रीको बारेमा अनुमान नगर्न आग्रह गरेका थिए । उनले भनेका थिए, "जबसम्म यसको अन्तिम निर्णय हुँदैन, तबसम्म मिडियाले यसको सामग्रीको बारेमा अड्कलबाजी गर्नबाट टाढा रहनु पर्छ।"

उनले प्रक्रिया पूरा भएपछि विस्तृत विवरण सार्वजनिक गरिने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । जिम्मेवार र पारदर्शी दृष्टिकोण अनुरूप सबै विवरणहरू सही समयमा जनतासँग साझा गरिने उनको भनाइ छ ।

-पाकिस्तानद्वारा पुष्टि-

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले अमेरिका र इरानबीच मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यका साथ भएको सम्झौताका शर्तमा सहमति भएको र मध्यस्थकर्ताले दुवै पक्षसँग सम्झौता गर्न काम गरिरहेको पुष्टि गरेका छन् । प्रधानमन्त्री शहबाज सरिफले अमेरिका र इरानबीच सहमतिको सन्देश टुङ्गिएको बताएका छन् ।

मध्यस्थताको प्रयासमा पहल गरेको पाकिस्तानले यी युद्धरत देशहरूसँग अर्को चरणमा काम गरिरहेको उनले बताए । "शान्ति अहिले जस्तो नजिक कहिल्यै थिएन", शरिफले एक्समा गरेको पोस्टमा भनेका छन्, "इरानले यसै साता अमेरिका र इजरायलसँग तीन दिने गतिरोध जारी राख्दै मध्यपूर्वमा ठूलो मात्रामा युद्ध सुरु गर्ने चेतावनी दिएपछि वार्तामा उल्लेखनीय प्रगति भएको हो ।"

-इरानी मिडियाद्वारा १४ बुँदे 'समझदारी पत्र' प्रकाशित-

इरानको मेहर समाचार एजेन्सीका अनुसार प्रस्तावित ढाँचाले विशेष गरी स्ट्रेट अफ होर्मुज वरपरको तनावको कारण विश्व व्यापार र ऊर्जा बजारलाई धक्का दिएको तीन महिनाको द्वन्द्व अन्त्य गर्न उपायहरू प्रस्तुत गरेको छ ।

उक्त योजनामा प्रतिबन्धहरू खुकुलो पार्ने, इरानको रोक्का गरिएको सम्पत्तिमा पहुँच र क्षेत्रीय तनाव कम गर्ने उपायहरू समावेश छन् ।

इरानी मिडियाले प्रस्तावित १४ बुँदे समझदारी पत्रको विवरण भन्दै शुक्रबार समाचार प्रकाशित गरेपछि इरानी विदेशमन्त्रीले भनेका थिए, "एक्समा एक पोस्ट गर्दै खुलासा गरिएको जानकारी र लिखित रूपमा सहमति भएका सर्तहरूबीच कुनै सम्बन्ध छैन ।"



योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं।

लोक सेवा आयोगको प्रतिवद्धता: प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सूचना !

- शिवालय गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकहरूमा जानकारी गराइन्छ कि गाउँपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका निरन्तर रूपमा क्रियाशील रहेको छ ।
- गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरूमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ ।
- वर्षायाम नजिकिँदै गएकाले बाढी, पहिरो तथा प्राकृतिक विपद्का सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ ।
- साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
- समृद्ध, सुरक्षित र सुशासित शिवालय निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं ।

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जाजरकोट

जनहितमा जारी सूचना !

- कर्णाली प्रदेशभित्र सुशासन, प्रभावकारी सेवा प्रवाह, संस्थागत क्षमता विकास तथा जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र सरोकारवालाहरूको ज्ञान, सीप एवं दक्षता अभिवृद्धि गर्ने उद्देश्यले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेत निरन्तर रूपमा क्रियाशील रहेको जानकारी सम्पूर्ण नागरिकमा गराइन्छ ।
- प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, विषयगत क्षेत्रका प्राविधिक जनशक्ति, समुदायका अगुवा तथा विभिन्न सरोकारवालाहरूका लागि आवश्यकता अनुसार क्षमता विकास, नेतृत्व विकास, व्यवस्थापन, सुशासन, योजना तर्जुमा, वित्तीय अनुशासन, सार्वजनिक सेवा प्रवाह, सूचना प्रविधि तथा समसामयिक विषयमा तालिम, अभिमुखीकरण, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ ।
- सुशासन र विकासलाई प्रभावकारी बनाउन अध्ययन, अनुसन्धान, अनुभव आदानप्रदान तथा नवप्रवर्तनात्मक अभ्यासहरूको प्रवर्द्धनमा प्रतिष्ठानले विशेष जोड दिँदै आएको छ । प्रदेश तथा स्थानीय सरकारका नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी कार्यान्वयन गर्न दक्ष र जिम्मेवार जनशक्ति उत्पादन गर्नु प्रतिष्ठानको प्रमुख उद्देश्य हो ।
- प्रदेशको समग्र विकास र संस्थागत सुदृढीकरणका लागि सञ्चालन गरिने तालिम तथा क्षमता विकास कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाई लाभ लिन सम्बन्धित सबै सरोकारवालामा अनुरोध गरिन्छ ।
- सक्षम जनशक्ति, सबल संस्था र सुशासित समाज निर्माणका लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सधैं प्रतिबद्ध रहेको जानकारी गराइन्छ ।

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान
सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)